आज मिती २०७५/५/८ गते शुक्रबारका दिन यस माईजोगमाई गाउँपालिकाका अध्यक्ष श्री जित बहादुर राईज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको ३५ औ बैठक बसी निम्न बमोजिमको उपस्थितिमा देहाय बमोजिमको प्रस्ताबहरु माथि छलफल गरि निर्णय गरियो ।

उपस्थिति

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | जीत ब. राई | गा.पा. अध्यक्ष | |
| २ | सावित्रा भट्टराई | गा.पा. उपाध्यक्ष | |
| ३ | याम कुमार कार्की | १ नं. वडाध्यक्ष | |
| ४ | डम्बर ब. सुवेदी | २ नं. वडाध्यक्ष | |
| ५ | याम प्र. लामा | ३ नं. वडाध्यक्ष | |
| ६ | गणेश कुमार राई | ४ नं. वडाध्यक्ष | |
| ७ | दाताराम संजेल | ५ नं. वडाध्यक्ष | |
| ८ | भवानी प्र. लिङ्दम(लिम्बू) | ६ नं. वडाध्यक्ष | |
| ९ | कविता राई | गा.पा. सदस्य | |
| १० | मिरादेवि खवास | गा.पा. सदस्य | |
| ११ | सोम कुमारी साउदेन | गा.पा. सदस्य | |
| १२ | मन कुमारी लिम्बू | गा.पा. सदस्य | |
| १३ | वीर ब. देवान | गा.पा. सदस्य( मनोनित) | |
| १४ | याम ब. विश्वकर्मा | गा.पा. सदस्य( मनोनित) | |
| १५ | चन्द्रप्रकाश बस्नेत | सदस्य सचिव. | |
| अन्य उपस्थिति | | | |
| १६ | विरध्वज लिम्बु | योजना शाखा | |
| १७ | कमल भण्डारी | का.स. | |

Scanned by CamScanner

प्रस्तावहरु

१. वडा न. ५ को बाटोको पहिरो व्यवस्थापन सम्बन्धमा ।

२. पदाधिकारी र कर्मचारी लाई २ दिने प्राविधिक ज्ञान सम्बन्धि तालिम सम्बन्धमा ।

३. उपभोक्ता समितिलाई सम्झौताको लागि सिफारिस गर्ने सम्बन्धमा ।

४. शिक्षा नियमावली २०७५ नियम न. ५० लागू हुने विषय प्रस्ट गर्ने सम्बन्धमा ।

५. प्लम्बर तथा मेशन तालिम सम्बन्धमा ।

६. कार्यक्रम संचालन अनुमति सम्बन्धमा ।


निर्णयहरु

१. माईजोगमाई गा पा वडा न. ५ को स्यालढुंगा-मेलडाँडा-वडा कार्यालय ईनपा जोड्ने सडकको पुण्य गोलाई खण्डमा पहिरोले मूल सडक अवरुद्ध भै आवत जावत नै बन्द भएको वडा समितिको बैठकको निर्णय प्राप्त भएकोले सो स्थानमा प्राविधिक पठाई सो स्थानको अवलोकन तथा लागत अनुमान पेश गर्न लगाउने निर्णय गरियो ।

२. माईजोगमाई गाउँपालिकाको अनुगमन समितिको मिति २०७५/४/२५ गतेको कार्यपालिकामा पेश भएको निर्णय अनुसार वडा न. ३,४ र ५ को भाद्र १५ र १६ गते र वडा न. १,२, र ६ को भाद्र २२ र २३ गते पदाधिकारी र सम्वन्धित कर्मचारीहरुलाई बिकाश योजनाको प्राविधिक ज्ञान सम्बन्धि तालिम संचालन गर्ने निर्णय गरियो ।

३. बिकास योजना तथा कार्यक्रमका उपभोक्ता समिति तथा लाभग्राही समूह गठन भई सम्झौताको लागि गा पा मा सिफारिस गरि पठाउदा उक्त समितिका सदस्यहरुको स्थानीय कर दस्तुर हरु (घर धुरी कर, मालपोत कर, व्यवसायिक कर आदि) चुक्ता गरेको सुनिस्चितता गरि उक्त व्यहोरा उल्लेख गरि मात्र सम्झौता सिफारिश पठाउन वडा कार्यालयलाई निर्देशन गर्ने निर्णय गरीयो ।

४. माइजोगमाई गाउँपालिकाको शिक्षा नियमावली २०७५ को नियम ५० लागु हुने सम्बन्धमा गाउँपालिकामा स्थायी बसोबास तथा घर भएका पदाधिकारी, कर्मचारी र शिक्षक शिक्षिकाहरुलाई मात्र उक्त नियम लागु हुने निर्णय गरियो ।



Scanned by CamScanner

५. माईजोगमाई गाउपालिकामा स्थायी बसोबास भएका नागरिक तथा युवा हरु लाई स्वरोजगारको अवसर प्रदान गर्न CTEVT बाट मान्यता प्राप्त संस्थाबाट मेसन तालिम र प्लम्बर तालिम संचालन गर्ने निर्णय गरियो ।

६. कर्णाली एग्रिकल्चर डेभलपमेंट, नेपाल, शाखा कार्यालय ईलामको मिति २०७५/५/८ को पत्र बमोजिम उक्त कार्यालय मार्फत माईजोगमाई गा पा क्षेत्रभित्र कृषि, बन, प्राबिधिक तालिमहरु तथा पशुपालन सम्बन्धि कार्यक्रम संचालन गर्न अनुमति माग गरेको हुँदा उक्त संस्थालाई कार्यक्रम संचालन गर्न अनुमति दिने निर्णय गरियो ।

Scanned by CamScanner